

नेपालको ग्रामीण क्षेत्रमा बन्ने

# आवासीय भवनको नमूना नक्सा पुस्तिका

नमूना नक्सा-२

## बाँसको टाटीको घर





यो सामग्री अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (USAID) को "मेरो सुरक्षित गाउँ" कार्यक्रम अन्तर्गत भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (NSET) द्वारा तयार गरी प्रकाशन गरिएको हो ।

USAID
अमेरिकी जनताबाट

NSET
Earthquake Safe Communities in Nepal

यो सामग्री विपद्बाट सुरक्षित समुदायका लागि प्राविधिक सहायता कार्यक्रम “मेरो सुरक्षित गाउँ” अन्तर्गत भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (NSET) द्वारा तयार गरिएको हो ।
अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (USAID) को आर्थिक सहयोगमा यो कार्यक्रम नेपालका ७ ओटा गाउँपालिकाहरुमा कार्यान्वयन भइरहेको छ ।
यस पुस्तिकका विषयवस्तु र सामाग्री  भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (NSET) का जिम्मेवारी हुन् र तिनले USAID वा
अमेरिकी सरकारको विचार प्रतिबिम्बित गर्छन भन्ने जरुरी छैन ।

# भूमिका

नेपाल उच्च भूकम्पीय जोखिम भएको मूलुक हो। भूकम्पबाट हुन सक्ने जनधनको क्षति कम गर्न हामीले निर्माण गर्ने भवन, संरचनाहरु भूकम्प थेग्न सक्ने गरी निर्माण गर्नु अपरिहार्य छ । त्यसका लागि हामीले राष्ट्रिय भवन संहिता बमोजिम भवन संरचनाहरुको डिजाइन गर्ने र निर्माण गर्ने परिपाटी अवलम्बन गर्नुपर्दछ। नेपालमा राष्ट्रिय भवन संहिताको कार्यान्वयन वि.सं. २०६० सालमा शुरु भएकोमा हालसम्म मुलुकका धेरै नगरपालिका र गाँउपालिकाहरुमा यो संहिता कार्यान्वयन भइसकेको र कतिपय पालिकाहरुमा हुने क्रममा रहेको अवस्था छ। राष्ट्रिय भवन संहितालाई नेपालका सबै पालिकाहरुमा कार्यान्वयन गर्न नेपाल सरकार, सहरी विकास तथा भवन निर्माण विभाग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र नगरपालिका तथा गाउँपालिकाहरुबाट प्रयासहरु भइरहेका छन्। स्थानीय स्तरमा हुने निर्माण कार्यलाई राष्ट्रिय भवन संहिता बमोजिम गर्न गराउन सघाउने उद्देश्यले निर्माण कार्यमा आम नागरिकलाई सहयोगी हुने गरी भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपालले यो 'नेपालको ग्रामीण क्षेत्रमा बन्ने आवासीय भवनको नमूना नक्सा पुस्तिका' सन्दर्भ सामग्री तयार गरेको छ।

यो पुस्तिकाले विशेष गरी ग्रामीण क्षेत्रमा बन्ने घरहरुलाई राष्ट्रिय भवन संहिता अनुसार सुरक्षित हुने गरी निर्माण गर्न सघाउ पुऱ्याउने छ । स्थानीय सरकार सञ्चालन ऐनले सबै प्रकारका भवनलाई गाउँपालिका वा नगरपालिकाबाट निर्माण अनुमति लिएर मात्र निर्माण गर्नुपर्ने व्यवस्था गरेको छ। गाउँपालिका र नगरपालिकाहरुमा पर्याप्त प्राविधिक जनशक्तिको अभाव तथा जनचेतनाको कमी जस्ता कारणहरुले गर्दा सबै भवनहरु निर्माण अनुमति प्रक्रियामा आउन सकेका छैनन्। तसर्थ यस पुस्तिकाले ग्रामीण भेगमा बन्ने घरहरुलाई भवन निर्माण अनुमति प्रकृयामा आउन सहजीकरण गर्नेछ भन्ने विश्वास लिएका छौं। यसमा भवन निर्माण अनुमति प्रकृयामा चाहिने नक्साहरु, घरधनीलाई बुझ्न भवनका नमूना चित्रहरु तथा विवरणहरु, भवन निर्माण सामाग्री र लागत अनुमान गर्न आवश्यक विवरणहरु समावेश गरिएको छ।

हामीले आगामी दिनमा राष्ट्रिय भवन संहिता कार्यान्वयनलाई सहजीकरण गर्ने कार्यलाई निरन्तरता दिंदै नेपालमा बन्ने भवनहरुको नमुना नक्शाहरुको श्रृंखला तयार गर्दै जाने उद्देश्य लिएका छौं।

अन्त्यमा, यो पुस्तिका तयार गर्ने कार्यमा संलग्न हुनु भएका सम्पुर्ण विज्ञ तथा सहयोगीहरुलाई धन्यवाद दिन चाहन्छु। साथै यस सामाग्री उपर आफ्ना राय, सुझाव तथा अन्य उपयुक्त प्राविधिक जानकारी समेत उपलब्ध गराउनु हुन सबैमा सादर अनुरोध गर्दछु। प्राप्त हुने राय, सुझावहरुका आधारमा यस पुस्तिकालाई अझ परिष्कृत बनाउने छौं।

**सूर्य नारायण श्रेष्ठ**

कार्यकारी निर्देशक

भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (NSET)

# विषय सूची

भूमिका ........ १
१ परिचय ........ १
१.१ पृष्ठभूमि ........ १
१.२ उद्देश्य ........ १
१.३ पद्धति ........ १
१.४ भवनको विवरण ........ १
२ नमूना भवनको विवरण ........ २
२.१ भवनको पूर्ण स्वरुप ........ २
२.२ भवनको प्राविधिक विवरण ........ २
२.३ भवन निर्माण मापदण्ड ........ ३
३ नक्सा विवरण ........ ४
३.१ वास्तुगत नक्सा ........ ५
३.२ संरचनात्मक नक्सा ........ १२
४ भवन निर्माण सामग्री विवरण ........ १८
५ भवन निर्माणको अनुमानित लागत ........ १८

# १ परिचय

## १.१ पृष्ठभूमि

नेपालमा गोरखा भूकम्प लगायत विगतका भूकम्पहरुमा भएका विनाशलाई केलाएर हेर्दा भूकम्पबाट हुने क्षतिको प्रमुख कारण कमजोर घर तथा संरचनाहरुको निर्माण नै हो। त्यसैले भूकम्पीय सुरक्षा अभिवृद्धिका लागि घर तथा संरचनाहरुको निर्माणमा भूकम्पीय सुरक्षाको अवधारणालाई समाहित गर्नु अपरिहार्य देखिन्छ। भूकम्पीय सुरक्षालाई सुनिश्चित गर्नको लागि नेपाल सरकारले भूकम्प सुरक्षित घर निर्माण कार्यको लागि भवन संहिता, मापदण्ड, निर्देशिका, ऐन र कानुनहरुको निर्माण र कार्यान्वयन गर्दै तथा गराउँदै आइरहेको छ। यसै तथ्यलाई मनन गरी, स्थानीय सरकार सञ्चालन ऐनले राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमनको अधिकार दिएको छ। स्थानीय सरकार सञ्चालन ऐनले सबै प्रकारको भवनलाई गाउँ/नगरपालिकाबाट निर्माण अनुमति लिएर मात्र निर्माण गर्ने भनेर उल्लेख गरेको छ। पर्याप्त प्राविधिकहरुको अभाव र विभिन्न जटिलताले गर्दा गाउँघरमा परम्परागत तरिकाले बन्ने घरहरु अझै पनि नक्सा पास प्रकृयामा आउन चुनौतिपूर्ण छ। यो पुस्तिकाले गाउँघरमा बन्ने यस्ता घरहरुलाई निर्माण अनुमति प्रक्रियामा ल्याउन सहज बनाउने अपेक्षा गरिएको छ।

हिमाल, पहाड र तराई गरी तीन भौगोलिक क्षेत्रमा विभाजित नेपालको हरेक क्षेत्रमा आ–आफ्नै प्रकारका अद्धितीय एवं विशिष्ट संस्कृति र जीवन शैलीको प्रतिनिधित्व गर्ने वास्तुकला छन्। यस्ता घरहरु स्थानीय सामग्री (ढुङ्गा, माटो, बाँस, काठ, पराल आदि) प्रयोग गरी घरधनी स्वयम्ले नै निर्माण गर्ने गर्दछन्। विभिन्न कारणले यस्ता घरहरु नेपालमा विद्यमान प्रकोप र जोखिमका दृष्टिकोणले असुरक्षित रहेका छन्। त्यसैले कम खर्चमा बन्ने यस्ता घरसंरचनाहरुलाई भवन संहिता अन्तर्गत निर्माण गरी घरलाई सुरक्षित बनाउने प्रयासमा सघाउने अभियानले यो पुस्तिका तयार पारिएको छ।

## १.२ उद्देश्य

आवासीय भवनको नमूना नक्सा पुस्तिकाको उद्देश्यहरु यस प्रकार छन्:

- वास्तुगत, संरचनात्मक र परम्परागत भवन निर्माण शैली वा प्रकृया संरक्षण गर्ने।
- नेपालको राष्ट्रिय भवन संहिताका आधारमा ग्रामीण क्षेत्रका भवनहरुलाई सुरक्षित भवनको निर्माणमा मद्दत पुऱ्याउने।
- ग्रामीण क्षेत्रमा निर्माण हुने भवनहरुलाई भवन निर्माण अनुमति प्रक्रियामा आउन मद्दत पुऱ्याउने।
- स्थानीय निर्माण सामग्रीको प्रयोगबाट कम खर्चमा भवन निर्माण गर्न मद्दत पुऱ्याउने।

## १.३ पद्धति

ग्रामीण क्षेत्रको वास्तुगत, संरचनात्मक र परम्परागत निर्माण शैली र अभ्यासका साथै घरधनीको आवश्यकतालाई मध्यनजर गरी यो नमूना नक्सा तयार गरिएको हो। यो पुस्तिका कैलाली जिल्लाको कैलारी गाउँपालिकामा गरिएको भवन अध्ययन सर्वेक्षणको आधारमा तयार गरिएको छ। भवन अध्ययनमा विद्यमान निर्माण अभ्यास, स्थानीय निर्माण सामग्री, घरधनीको आवश्यकता आदि जस्ता विषयहरुमा अध्ययन गरिएको थियो।

## १.४ भवनको विवरण


गाउँघरमा सामान्य विधि प्रयोग गरेर आज पनि बाँसको टाटीको भवन बनाइन्छ। गर्मी हावापानी भएको र बाढी प्रभावित ठाउँहरुमा बाँसबाट बनाइएका यस्ता भवनहरु उपयुक्त हुन्छन्। यो भवन सस्तो, किफायती र वातावरण मैत्री हुन्छ। यस्तो भवन निर्माणका लागि आवश्यक प्रविधि र सीपहरू स्थानीय स्तरमा सजिलै उपलब्ध हुन्छ र स्थानीय निर्माण कर्मी द्वारा पनि सजिलै निर्माण गर्न सकिन्छ। नेपालको तराई क्षेत्रमा अत्याधिक मात्रामा बन्ने गरेका यस्ता भवनहरुको मौलिक पहिचान र विशेष सांस्कृतिक महत्व भएकाले यस्ता भवनहरुको निर्माणलाई निरन्तरता दिनुपर्ने देखिन्छ।

# २ नमूना भवनको विवरण

## २.१ भवनको पूर्ण स्वरुप



नमूना भवन, गोठ, र शौचालयको पूर्ण स्वरुप



नमूना भवन, भान्सा घर, गोठ, र शौचालयको पूर्ण स्वरुप

## २.२ भवनको प्राविधिक विवरण

न्यूनतम जग्गाको क्षेत्रफल : ५० फिट मोहडा, ५१ फिट ४ इन्च चौडाइको समथर जग्गा

लक्षित परिवार संख्या : एक परिवार

तला संख्या : एक तला र बुइगल

भवनको लम्बाइ र चौडाइ : २३ फिट ५ इन्च लम्बाइ र २२ फिट ६ इन्च चौडाइ

भुइँ तलाको क्षेत्रफल : ५२८ वर्ग फिट

कुल क्षेत्रफल : ९३८ वर्ग फिट

कुल उचाइ : १४ फिट ४ इन्च

भुइँ तलाको उचाइ : ७ फिट

जमिन सतहदेखि पिंढि तह सम्मको उचाइ : १ फिट ६ इन्च


कोठा संख्या : भुइँ तलामा चारवटा कोठा

कोठाको नाप : ११ फिट ५ इन्च लम्बाइ ८ फिट ५ इन्च चौडाइ


गारोको प्रकार र मोटाइ : भित्र र बाहिर आधा काटिएको बाँसको भाटाले बनाइएको टाटीको गारो

यस नमुना घरमा भान्सा कोठा र शौचालय भने छुट्टै निर्माण गरिन्छ ।

थाम, निदाल, भाटाहरु सल्लाको काठको बनाइएको छ । ढोका र झ्यालहरु सल्लाको काठको चौकोस र बाँस प्रयोग गरेर बनाईन्छ ।




न्यूनतम सेटब्याक विवरण दृश्य



भित्री गारोहरुमा तेर्सो भाटाहरु सहितको विवरण दृश्य

## २.३ भवन निर्माण मापदण्ड

सुरक्षित घर र बस्तीको निर्माणका लागि नेपाल सरकारले २०७२ मा बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत निर्माण मापदण्ड लागू गरेको थियो । जस अनुसार, घर बनाउँदा पालना गर्नुपर्ने केहि आवश्यक नियमहरु निम्न प्रकार रहेका छन् :


- सडक छेउमा भवन निर्माण गर्दा सो सडकको मध्य रेखाबाट न्यूनतम १० फिट छोडेर मात्र सीमा पर्खाल निर्माण गर्नु पर्दछ ।
- सडक छेउमा भवन निर्माण गर्दा सडक तर्फ सीमा पर्खालबाट न्यूनतम सेटब्याक ५ फिट कायम हुनु पर्दछ ।
- सीमा पर्खाल निर्माण गर्दा अधिकतम ४ फिट अग्लो गारो र सो माथि २ फिट अग्लो जाली राखी निर्माण गर्न पाइन्छ ।
- कुल जग्गा क्षेत्रमा ६० प्रतिशत वा कममा भवन निर्माण गर्न पाइन्छ ।
- जग्गाको सिमानाबाट भवनको झ्याल वा ढोकासम्म न्यूनतम ५ फिट छोडेको हुनु पर्दछ ।

## ३ नक्सा विवरण

# बाँसको टाटीको नमूना भवनको
# वास्तुगत र संरचनात्मक नक्सा विवरण

## ३.१ वास्तुगत नक्सा

कार्यालयको उपयोगको लागि मात्र




**साइटको नक्सा**
क्षेत्र = २५७० वर्ग फिट

' = फिट
" = इन्च
जस्तै १'-६" = १ फिट ६ इन्च


घरधनी :
हस्ताक्षर:

बाँसको टाटीको आवासीय भवन

कित्ता नम्बर :
जग्गाको कुल क्षेत्रफल: २५७० वर्ग फिट

पाना शीर्षक: साइटको नक्सा
पाना नम्बर: १

स्केल : १:१००
मितिः




' = फिट
" = इन्च
जस्तै १'-६" = १ फिट ६ इन्च


जस्तै ४" x ६ " = ४ इन्च चौडाइ र ६ इन्च मोटाइ

## भुइँ तलाको नक्सा

क्षेत्रफल = ५२८ वर्ग फिट

कार्यालयको उपयोगको लागि मात्र

| | |
|---|---|
| घरधनी : | हस्ताक्षर: |
| बाँसको टाटीको आवासीय भवन | |
| कित्ता नम्बर : | कुल क्षेत्रफल : ५२८ वर्ग फिट |
| पाना शीर्षक: भुइँ तलाको नक्सा | पाना नम्बर: २ |
| स्केल : १:५० | मितिः |




# बुइगलको नक्सा


क्षेत्रफल = ४१० वर्ग फिट

' = फिट
" = इन्च
जस्तै १'-६" = १ फिट ६ इन्च

जस्तै ४" x ६ " = ४ इन्च चौडाइ र ६ इन्च मोटाइ

कार्यालयको उपयोगको लागि मात्र

| | |
|---|---|
| घरधनी : | हस्ताक्षर: |
| बाँसको टाटीको आवासीय भवन | |
| कित्ता नम्बर : | कुल क्षेत्रफल : ४१० वर्ग फिट |
| पाना शीर्षक: बुइगलको नक्सा | पाना नम्बर: ३ |
| स्केल: १:५० | मितिः |




## छानाको नक्सा

## झ्याल ढोका विवरण

| क स | चिन्ह | प्रकार | नाप | संख्या |
|---|---|---|---|---|
| १ | ढो | ढोका | ३'-०" x ६'-२" | ४ |
| २ | झ्या | झ्याल | ३'-०"x ४'-०" | ६ |
| ३ | झ्या१ | झ्याल | ३'-०"x २'-२" | ६ |
| ४ | झ्या२ | झ्याल | ३'-०"x १'-०" | २ |

' = फिट
" = इन्च
जस्तै १'-६" = १ फिट ६ इन्च

कार्यालयको उपयोगको लागि मात्र

घरधनी :
हस्ताक्षर:

बाँसको टाटीको आवासीय भवन


कित्ता नम्बर :

पाना शीर्षक:
छानाको नक्सा र झ्याल ढोका विवरण


पाना नम्बर:
४

स्केल :
१:५०

मिति:



अगाडिको मोहडा



पछाडिको मोहडा

' = फिट
" = इन्च
जस्तै १'-६" = १ फिट ६ इन्च

कार्यालयको उपयोगको लागि मात्र

घरधनी :

हस्ताक्षर:

बाँसको टाटीको आवासीय भवन


कित्ता नम्बर :

पाना शीर्षक:
मोहडा


पाना नम्बर:
५

स्केल:
१:५०

मितिः




## दाँया मोहडा




## बाँया मोहडा

' = फिट
" = इन्च
जस्तै १'-६" = १ फिट ६ इन्च

कार्यालयको उपयोगको लागि मात्र

| | |
|---|---|
| घरधनी : | हस्ताक्षर: |
| बाँसको टाटीको आवासीय भवन | |
| कित्ता नम्बर : | |
| पाना शीर्षक: मोहडा | पाना नम्बर: ६ |
| स्केल: १:५० | मितिः |




## सेक्सन क-क

( पेज नं ६-७ मा दिइएको नक्सा अनुसार )

' = फिट
" = इन्च
जस्तै १'-६" = १ फिट ६ इन्च

जस्तै ४" x ६ " = ४ इन्च चौडाइ र ६ इन्च मोटाइ

कार्यालयको उपयोगको लागि मात्र

घरधनी :

हस्ताक्षर:

बाँसको टाटीको आवासीय भवन

कित्ता नम्बर :


पाना शीर्षक: सेक्सन विवरण

पाना नम्बर: ७


स्केल: १:३०

मितिः

## ३.२ संरचनात्मक नक्सा





| कार्यालयको उपयोगको लागि मात्र | |
|---|---|
| घरधनी : | हस्ताक्षर: |
| बाँसको टाटीको आवासीय भवन | |
| कित्ता नम्बर : | |
| पाना शीर्षक: गारोको विवरण | पाना नम्बर: ८ |
| स्केल : देखाइएको रूपमा | मितिः |




## जगको खाल्डोको विवरण

स्केल = १:५०




## काठको थामको लागि बनाइने जगको विवरण

स्केल = १:२०

' = फिट
" = इन्च
जस्तै १'-६" = १ फिट ६ इन्च

जस्तै ४" x ६ " = ४ इन्च चौडाइ र ६ इन्च मोटाइ

कार्यालयको उपयोगको लागि मात्र

घरधनी :

हस्ताक्षर:

बाँसको टाटीको आवासीय भवन

कित्ता नम्बर :


पाना शीर्षक:
जग विवरण

पाना नम्बर:
९

स्केल:
देखाइएको रूपमा


मिति:

कार्यालयको उपयोगको लागि मात्र




## दलिन् र पिंढिको छानाको डाँडाको लेआउट

स्केल = १:५०




## दलिन् विवरण


स्केल = १:२०

' = फिट
" = इन्च
जस्तै १'-६" = १ फिट ६ इन्च

जस्तै ४" x ६ " = ४ इन्च चौडाइ र ६ इन्च मोटाइ

| | |
|---|---|
| घरधनी : | हस्ताक्षर: |
| बाँसको टाटीको आवासीय भवन | |
| कित्ता नम्बर : | |
| पाना शीर्षक: दलिन् र डाँडाको लेआउट | पाना नम्बर: १० |
| स्केल: देखाइएको रूपमा | मितिः |

कार्यालयको उपयोगको लागि मात्र





' = फिट
" = इन्च
जस्तै १'-६" = १ फिट ६ इन्च

## डाँडाको लेआउट

जस्तै ४" x ६ " = ४ इन्च चौडाइ र ६ इन्च मोटाइ


| | |
|---|---|
| घरधनी : | हस्ताक्षर: |
| बाँसको टाटीको आवासीय भवन | |
| कित्ता नम्बर : | |
| पाना शीर्षक: डाँडाको लेआउट | पाना नम्बर: ११ |
| स्केल : १:५० | मितिः |

कार्यालयको उपयोगको लागि मात्र




छानाको सेक्सन


स्केल = १:३०




निदाल तहको छानाको विवरण

स्केल = १:३०


## विवरण क




काठको ट्रसको विवरण

( क-क,ख-ख, ग-ग ग्रिडमा )

स्केल = १:३०





काठको चुकुलको विवरण


स्केल = १:१०

(घ = दलिन को मोटाइ)

| | |
|---|---|
| घरधनी : | हस्ताक्षर: |
| बाँसको टाटीको आवासीय भवन | |
| कित्ता नम्बर : | |
| पाना शीर्षक: छानाको विवरणहरु | पाना नम्बर: १२ |
| स्केल : देखाइएको रूपमा | मितिः |





छानाको सेक्सन
स्केल = १:३०





काठको थाम र ट्रसको निदालको
जडान विवरण
स्केल = १:२०

## ग विवरण





काठको डाँडा र निदालको जडान विवरण
स्केल = १:३०


## ख विवरण




काठको मेथ र थामको जडान विवरण
स्केल = १:२०



एमएस प्लेट-P6
स्केल = १:१०




एमएस प्लेट-P2
स्केल = १:१०

कार्यालयको उपयोगको लागि मात्र

घरधनी :
हस्ताक्षर:

बाँसको टाटीको आवासीय भवन

कित्ता नम्बर :

पाना शीर्षक:
विवरणहरु

पाना नम्बर:
१३

स्केल : देखाइएको रूपमा
मितिः

# ४ भवन निर्माण सामग्री विवरण

| | निर्माण सामग्रीको विवरण | एकाई | जम्मा परिमाण | दर | रकम |
|---|---|---|---|---|---|
| क | भवनको संरचनात्मक सामग्री | | | | |
| १ | ढुङ्गा | घन फिट | ८६४ | | |
| २ | माटो | घन फिट | १९२ | | |
| ३ | सल्लाको काठ | घन फिट | २९० | | |
| ४ | बाँस | गोटा | १२३ | | |
| ५ | किला | के.जी | २३ | | |
| ६ | १०० मी.मी. वोल्ट | संख्या | ९१ | | |
| ७ | जस्तापाता | बण्डल | ४ | | |
| ८ | सादा जस्तापाता | संख्या | ४ | | |
| ९ | J आकारको हुक | संख्या | १७० | | |
| १० | वासर | संख्या | ३८७ | | |
| ११ | पानी | लि. | ९४ | | |
| १२ | १०० मी.मी. कब्जा | संख्या | २३ | | |
| १३ | ३०० मी.मी. लकिङ्ग सेट | संख्या | ४ | | |
| १४ | ह्याण्डल (साधारण) | संख्या | ८ | | |
| १५ | होल्डफास्ट | संख्या | १० | | |
| १६ | १५० मी.मी. छेस्कीनी | संख्या | ४ | | |
| १७ | ३०० मी.मी. छेस्कीनी | संख्या | ४ | | |
| १८ | पेच किला | संख्या | १११ | | |
| १९ | २" किला | के.जी | १६ | | |
| २० | ३" किला | के.जी | ७ | | |
| ख | ओस निरोधक तथा सामाग्री | | | | |
| १ | टर्मिनेटर | के.जी | १४ | | |
| २ | अलकत्रा | के.जी | ४ | | |
| ग | जनशक्ति | | | | |
| १ | सिपालु | जना | १४४ | | |
| २ | ज्यामी | जना | ८७ | | |

# ५ भवन निर्माणको अनुमानित लागत

प्लिन्थ क्षेत्रफल : ५२८ वर्ग फिट

जम्मा क्षेत्रफल : ९३८ वर्ग फिट

वर्ग फिट दर : रु ८९५

जम्मा रकम : रु ७,०७,२६६

आ.व. २०७८/२०७९ कैलाली जिल्ला दररेट अनुसार

# प्रकाशन समूह

**यस पुस्तिका तयारीमा योगदान गर्नेहरु:**

सामग्री संयोजन र लेखन :
गीता भण्डारी, आर्किटेक्ट
रचना कंसाकार, सिनियर ड्राफ्टपर्सन
अदिति ढकाल, शहरी योजनाकार
करुणा शाक्य, सिभिल इन्जिनियर

प्राविधिक र समग्र पुनरावलोकन :
डा. रमेश गुरागाईं, उप-कार्यकारी निर्देशक
सुमन प्रधान, स्ट्रक्चरल इन्जिनियर

भवन डिजाइन :
कृति तिवारी, वरिष्ठ स्ट्रक्चरल इन्जिनियर
प्रयास मल्ल, स्ट्रक्चरल इन्जिनियर
आशिष तिवारी, स्ट्रक्चरल इन्जिनियर

लागत अनुमान :
सन्तोष खड्का, सिभिल इन्जिनियर
शमिर कुमार सिंह, सिभिल इन्जिनियर

फिल्डमा भवन अध्ययन :
रबिन्द्र प्रसाद बोहरा, सिभिल इन्जिनियर
दर्शन मल्ल, सिभिल इन्जिनियर
बालकृष्ण लम्साल, सिभिल इन्जिनियर
जगदिश बिष्ट, सिभिल इन्जिनियर
दिर्घ प्रसाद आचार्य, सिभिल इन्जिनियर
सुजन राई, सिभिल इन्जिनियर
समिर भट्ट, सिभिल इन्जिनियर
क्षितिज भट्ट, सिभिल इन्जिनियर

भाषा पुनरावलोकन :
खड्ग सेन ओली, पैरवी तथा बाह्रय सम्बन्ध प्रबन्धक

साज सज्जा :
चन्दन ध्वज राना मगर, ग्राफिक्स डिजाइनर

**"मेरो सुरक्षित गाउँ" कार्यक्रम कार्यन्वयन समूह:**

कार्यक्रम निर्देशक - सूर्य नारायण श्रेष्ठ
कार्यक्रम प्रबन्धक - सुमन प्रधान
कार्यक्रम उप-प्रबन्धक - शरद वाग्ले
कार्यक्रम उप-प्रबन्धक - किशोर तिम्सिना
कार्यक्रम संयोजक - करुणा शाक्य
कार्यक्रम संयोजक - अनुप पौडेल
कार्यक्रम संयोजक - शमिर कुमार सिंह
वरिष्ठ स्ट्रक्चरल इन्जिनियर- कृति तिवारी
शहरी योजनाकार - अदिति ढकाल
शहरी योजनाकार -बिनु महर्जन
आर्किटेक्ट- गीता भण्डारी
जि.आइ.एस अफिसर- बुद्धि राज श्रेष्ठ
संचार अधिकृत - पवित्रा के सी
प्रशासन सहायक - सृजना खड्का
कार्यक्रम अधिकृत - रबिन्द्र प्रसाद बोहरा
कार्यक्रम अधिकृत - दर्शन मल्ल
कार्यक्रम आधिकृत - बालकृष्ण लम्साल
कार्यक्रम अधिकृत - जगदिश बिष्ट
कार्यक्रम अधिकृत -दिर्घ प्रसाद आचार्य
कार्यक्रम आधिकृत -सुजन राई
कार्यक्रम अधिकृत -समिर भट्ट
कार्यक्रम अधिकृत - क्षितिज भट्ट
सामाजिक विकास अधिकृत - रन्जु ढुङ्गाना
सामाजिक विकास अधिकृत - चिरन्जिवी भुसाल
सामाजिक विकास अधिकृत - पुष्प खड्का

प्रकाशक : भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (NSET)
प्रकाशन श्रृंखला : NSET-136-2022
© NSET

**प्रकाशकः**
भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (NSET)
घर-६५, CR–१३, सैंबु आवास, भैंसेपाटी, ललितपुर महानगरपालिका-२५, नेपाल, पो.ब. नं. १३७७५, काठमाडौं, नेपाल
फोन नं.: (९७७-१) ५५९१०००, फ्याक्स नं.: (९७७-१) ५५९२६९२, इ-मेलः nset@nset.org.np, वेब साइटः www.nset.org.np